राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३१७ २०८३ असार २ गते मंगलवार (16 June 2026) पृष्ठ ४ मूल्य रु. ३।-

# मधेशको ४१ अर्ब १३ करोडको बजेट

## कृषि, पर्यटन र पूर्वाधारमा जोड, मितव्ययिताको सन्देश



दैनिक समाचारदाता

जनकपुरधाम, १ असार । मधेस प्रदेशले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि करिब ४१ अर्बको बजेट ल्याएको छ । प्रदेश सभामा सोमबार अर्थमन्त्री युवराज भट्टराईले आगामी आर्थिक वर्षका लागि ४१ अर्ब १३ करोड ८६ लाख बराबरको बजेट प्रस्तुत गरेका हुन् ।

चालु आर्थिक वर्ष (२०८२/८३) मा मधेसले ४६ अर्ब ५८ करोड बराबरको बजेट ल्याएको थियो । चालु आवको बजेट गत वर्षभन्दा १३ प्रतिशत कम हो ।

उक्त खर्चमध्ये चालुतर्फ १४ अर्ब ६६ करोड अर्थात् ३५.९४ प्रतिशत, पुँजीगततर्फ २६ अर्ब ४७ करोड अर्थात् ६४.३६ विनियोजन गरिएको छ । खर्चको स्रोतमध्ये आन्तरिक राजस्वतर्फ ११ अर्ब २२ करोड ७५ लाख, राजस्व बाँडफाँटबापत १२ अर्ब ८३ करोड, वित्तीय समानीकरणबापत ९ अर्ब ४९ करोड ५९ लाख र गत वर्षको नगद मौज्दातबापत ६ अर्ब ८ करोड ५२ लाख रुपैयाँ अनुमान गरिएको अर्थमन्त्री भट्टराईले बताए ।

# बजेटमा के के छ त ?

## कृषि र प्रहरी भर्नामा जोड

मधेश प्रदेश सरकारले कृषि उत्पादन वृद्धि, आन्तरिक राजस्व विस्तार तथा शान्ति(सुरक्षा सुदृढीकरणका लागि विभिन्न नयाँ कार्यक्रम घोषणा गरेको छ ।

आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमार्फत प्रदेशलाई बिउ उत्पादनमा आत्मनिर्भर बनाउनेदेखि मधेश प्रहरी ऐन ल्याई प्रहरी भर्ना अभियान सञ्चालन गर्ने योजना अघि सारिएको छ ।

अर्थमन्त्री युवराज भट्टराईले 'उत्पादनशील मधेश, आत्मनिर्भर देश' अभियानलाई सफल बनाउन धान, गहुँ, मकैलगायत प्रमुख बालीको बिउ उत्पादन बढाउन 'बिउ वृद्धि परियोजना' सञ्चालन गरिने जानकारी दिएका छन् ।

प्रदेशलाई गुणस्तरीय बिउ उत्पादनमा आत्मनिर्भर बनाउने लक्ष्यसहित उन्नत बिउ खरिदमा किसानलाई अनुदान उपलब्ध गराइने व्यवस्था पनि बजेटमा समावेश गरिएको छ ।

कृषि अनुदान वितरणलाई थप पारदर्शी र प्रभावकारी बनाउन डिजिटल किसान कार्ड कार्यक्रमलाई पूर्णता दिइने भएको छ । यस प्रणालीमार्फत किसानलाई प्रदान गरिने अनुदान तथा सहुलियत प्रत्यक्ष रूपमा सम्बन्धित किसानसम्म पुग्ने प्रदेश सरकारको विश्वास छ ।

दूध, माछा, मासु तथा तरकारी उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाउने उद्देश्यले परम्परागत अनुदान प्रणालीको सट्टा उत्पादन र

*बाँकी पृष्ठ ३मा*

## 'मधेश धार्मिक सर्किट' निर्माण गरिने

त्यस्तै मधेश प्रदेश सरकारले धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि प्रदेशका प्रमुख धार्मिक तथा पर्यटकीय स्थललाई समेटेर 'मधेश धार्मिक सर्किट' निर्माण गर्ने भएको छ । साथै, लुम्बिनी, जनकपुरधाम र अयोध्यालाई जोड्ने सीमापार (क्रस बोर्डर) पर्यटन अवधारणालाई पनि अघि बढाइने भएको छ ।

*बाँकी पृष्ठ ३मा*




## साना योजना र गाडी खरिदमा रोक

साना तथा छरिएका योजनाभन्दा ठूला र परिणाममुखी आयोजनामा लगानी केन्द्रित गर्ने नीति लिएको छ । खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन एक करोड रुपैयाँभन्दा कम लागतका योजनामा बजेट विनियोजन नगर्ने तथा नयाँ सवारीसाधन खरिदमा रोक लगाउने घोषणा गरिएको छ ।

बजेट प्रस्तुत गर्दै अर्थमन्त्री युवराज भट्टराईले सीमित स्रोत(साधनको अधिकतम उपयोग गर्दै विकास खर्च बढाउने रणनीति अवलम्बन गरिएको बताए ।

उनका अनुसार एक करोड रुपैयाँभन्दा कम लागतका योजनामा बजेट विनियोजन नगरिने व्यवस्था गरिएको छ । यसबाट बजेटको छरिएको प्रवृत्ति अन्त्य गरी ठूला तथा दीर्घकालीन महत्वका आयोजनालाई प्राथमिकता दिने लक्ष्य राखिएको छ ।


सरकारले मितव्ययिता अपनाउने नीतिअन्तर्गत नयाँ सवारीसाधन खरिदमा समेत रोक लगाएको छ । अत्यावश्यक अवस्थाबाहेक नयाँ गाडी खरिद नगरी उपलब्ध स्रोत(साधनको अधिकतम उपयोग गरिने बजेट वक्तव्यमा उल्लेख छ ।

यस्तै, प्रशासनिक तथा अन्य अनुत्पादक खर्च कटौती गरी त्यसबाट बचत हुने स्रोतलाई विकास निर्माण तथा पुँजीगत क्षेत्रमा परिचालन


*बाँकी पृष्ठ ३मा*

अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

## सम्पादकीय

# बजेटको परीक्षा कार्यान्वयनमा

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ। अघिल्लो वर्षको तुलनामा बजेटको आकार घटेको भए पनि सरकारले कृषि, पूर्वाधार, धार्मिक पर्यटन, शान्ति-सुरक्षा तथा प्रशासनिक मितव्ययितालाई प्राथमिकतामा राखेको छ। सीमित स्रोत-साधनका बीच विकास र समृद्धिको आधार निर्माण गर्ने उद्देश्यले ल्याइएको यो बजेटले केही सकारात्मक सन्देश दिएको छ।

बजेटको सबैभन्दा महत्वपूर्ण पक्ष कृषि क्षेत्रलाई केन्द्रमा राख्नु हो। मधेश प्रदेशको अर्थतन्त्रको प्रमुख आधार कृषि नै हो। बिउ उत्पादनमा आत्मनिर्भरता, डिजिटल किसान कार्ड, उत्पादनमा आधारित अनुदान प्रणाली तथा कृषि करिडोर निर्माणजस्ता कार्यक्रमले कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यवसायीकरणतर्फ लैजान सक्ने सम्भावना देखाएको छ। यदि यी कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भए भने कृषि उत्पादन वृद्धि मात्र होइन, किसानको आयस्तरमा पनि सुधार आउन सक्छ।

शान्ति-सुरक्षा क्षेत्रलाई सुदृढ बनाउन मधेश प्रहरी ऐन ल्याउने र प्रहरी भर्ना अभियान सञ्चालन गर्ने घोषणा पनि बजेटको उल्लेखनीय पक्ष हो। संघीय संरचनाअनुसार प्रदेशको सुरक्षा संयन्त्रलाई बलियो बनाउने प्रयासले प्रदेश सरकारको अधिकार र भूमिकालाई थप संस्थागत बनाउन सहयोग पुर्‍याउन सक्छ।

धार्मिक तथा सांस्कृतिक पर्यटनलाई आर्थिक विकाससँग जोड्ने सोच पनि स्वागतयोग्य छ। जानकी मन्दिर, गढीमाई, छिन्नमस्ता, रौजा मजारलगायत स्थललाई समेटेर 'मधेश धार्मिक सर्किट' निर्माण गर्ने योजना तथा जनकपुरधाम-लुम्बिनी-अयोध्या सीमापार पर्यटन अवधारणाले मधेशलाई धार्मिक पर्यटनको केन्द्रका रूपमा स्थापित गर्ने सम्भावना बोकेको छ। पर्यटनले रोजगारी सिर्जना, स्थानीय व्यापार प्रवर्द्धन र प्रदेशको आम्दानी वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ।

बजेटको अर्को सकारात्मक पक्ष मितव्ययितामा जोड दिनु हो। एक करोड रुपैयाँभन्दा कम लागतका योजनामा बजेट विनियोजन नगर्ने तथा नयाँ सवारीसाधन खरिदमा रोक लगाउने निर्णयले विगतदेखि आलोचित हुँदै आएको छरिएको बजेट प्रणालीलाई नियन्त्रण गर्ने संकेत दिएको छ। विकासका नाममा साना र प्रभावहीन योजनामा रकम बाँड्ने प्रवृत्तिको अन्त्य हुनु आवश्यक थियो।

तर बजेटका केही चुनौतीपूर्ण पक्ष पनि छन्। पहिलो, बजेटको आकार नै अघिल्लो वर्षभन्दा करिब १३ प्रतिशतले घटेको छ। सीमित स्रोतका कारण विकासका महत्वाकांक्षी कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्छ। दोस्रो, प्रदेश सरकारको विगतको अनुभव हेर्दा पुँजीगत बजेट खर्च गर्ने क्षमता नै कमजोर देखिएको छ। हरेक वर्ष ठूलो रकम खर्च हुन नसकी फिर्ता जाने गरेको यथार्थलाई बेवास्ता गर्न मिल्दैन। त्यसैले नयाँ योजना घोषणा गर्नु मात्र पर्याप्त हुँदैन, तिनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्छ।

प्रदेश सरकारले निर्माणाधीन आयोजना सम्पन्न गर्ने, कमला नदीमा वैकल्पिक पुल निर्माण गर्ने तथा बजेट म्यापिङ प्रणाली लागू गर्ने घोषणा गरेको छ। यी कार्यक्रम कागजमा मात्र सीमित नभई व्यवहारमा उतार्न सके प्रदेशको विकास यात्राले गति लिन सक्छ। अन्यथा बजेट फेरि पनि घोषणा र आश्वासनको दस्तावेज मात्र बन्ने जोखिम रहन्छ।

समग्रमा मधेश प्रदेशको यो बजेटले कृषि, पर्यटन, पूर्वाधार र सुशासनलाई प्राथमिकता दिँदै विकासको स्पष्ट दिशा देखाउने प्रयास गरेको छ। अब यसको सफलता बजेटको आकारमा होइन, कार्यान्वयनको इमानदारी, प्रशासनिक क्षमता र राजनीतिक प्रतिबद्धतामा निर्भर रहनेछ। प्रदेशवासीले पनि बजेटभन्दा बढी त्यसको परिणाम हेर्न चाहेका छन्। त्यसैले मधेश सरकारको वास्तविक परीक्षा अब बजेट प्रस्तुतिमा होइन, बजेट कार्यान्वयनमा हुनेछ।

# तौल घटाउँदा मांसपेशी जोगाउन किन जरुरी छ ?

तौल घटाउने प्रयासमा धेरैले गर्ने सबैभन्दा ठूलो गल्ती भनेको मांसपेशीको संरक्षणलाई बेवास्ता गर्नु हो। विशेषज्ञहरूका अनुसार स्वस्थ रूपमा तौल घटाउनु भनेको केवल शरीरको बोसो घटाउनु मात्र होइन, मांसपेशीलाई सुरक्षित राख्नु पनि हो।



तौल घटाउने आधारभूत सिद्धान्त 'क्यालोरी डेफिसिट' हो। अर्थात्, शरीरले खानेकुराबाट प्राप्त गर्नेभन्दा बढी क्यालोरी व्यायाम वा अन्य शारीरिक गतिविधिबाट खर्च गर्नुपर्छ। ब्राजिलको साओ पाउलोस्थित नोभे डी जुल्हो अस्पतालका खेल चिकित्सक पाब्लियस ब्रागाका अनुसार क्यालोरी डेफिसिट हुँदा शरीरले ऊर्जा प्राप्त गर्न बोसोलाई इन्धनका रूपमा प्रयोग गर्छ।

सन्तुलित आहार र नियमित व्यायामको संयोजनबाट तौल घटाउन सकिए पनि क्यालोरी अत्यधिक घटाउँदा शरीरले बोसोसँगै मांसपेशी पनि गुमाउन सक्छ। विज्ञहरूका अनुसार मांसपेशी कमजोर हुनु धेरै बोसो हुनुजत्तिकै हानिकारक मानिन्छ। मांसपेशी घट्दा शरीरको मेटाबोलिज्म सुस्त हुन्छ, बोसो जलाउने क्षमता कम हुन्छ र शारीरिक शक्ति घट्न थाल्छ। यसले तौल नियन्त्रणलाई अझ कठिन बनाउँछ।

### *मांसपेशी किन महत्त्वपूर्ण ?*

साओ पाउलो विश्वविद्यालयबाट एन्डोक्रिनोलोजीमा विद्यावारिधि गरेकी मेटाबोलिज्म विशेषज्ञ एलेन डाएसका अनुसार सही तरिकाले तौल घटाउनु भनेको तराजुमा देखिने अंक घटाउनु मात्र होइन, शरीरको सबैभन्दा मूल्यवान सम्पत्ति मांसपेशीलाई जोगाउनु पनि हो।

जब शरीरमा क्यालोरीको मात्रा कम हुन्छ, शरीरले त्यसलाई ऊर्जा अभावका रूपमा बुझ्छ र ऊर्जा बचत गर्ने प्रक्रियामा प्रवेश गर्छ। मांसपेशीले आरामको अवस्थामा पनि धेरै ऊर्जा खर्च गर्ने भएकाले शरीरले ऊर्जा बचाउन मांसपेशी नै घटाउन थाल्न सक्छ। त्यसैले असन्तुलित आहार वा अत्यधिक क्यालोरी कटौतीले अपेक्षितभन्दा बढी क्षति पुर्‍याउन सक्छ।

### *पानी र प्रोटिनको भूमिका*

मांसपेशी जोगाउन पर्याप्त मात्रामा पानी पिउनु अत्यन्त आवश्यक मानिन्छ। विशेषज्ञहरूका अनुसार मांसपेशीको ठूलो हिस्सा पानीले बनेको हुन्छ। सामान्यतया प्रतिकिलो तौल बराबर दैनिक ३० देखि ४० मिलिलिटर पानी पिउन सिफारिस गरिन्छ। पानीले मांसपेशीको पुनःस्थापना तथा शरीरका कोशिकीय प्रक्रियालाई सहज बनाउँछ।

त्यस्तै, पर्याप्त प्रोटिन सेवन पनि उत्तिकै महत्त्वपूर्ण छ। इन्टरनेशनल सोसाइटी अफ स्पोर्ट्स न्यूट्रिशनका अनुसार बोसो घटाउने र मांसपेशी जोगाउने लक्ष्य राख्ने वयस्कले प्रतिकिलो तौल बराबर दैनिक १.४ देखि २ ग्रामसम्म प्रोटिन सेवन गर्नुपर्छ। ७० किलो तौल भएको व्यक्तिका लागि यो मात्रा ९८ देखि १४० ग्रामसम्म हुन सक्छ।

### *व्यायाम बिना सम्भव छैन*

तौल घटाउने क्रममा मांसपेशी सुरक्षित राख्न नियमित व्यायाम अनिवार्य मानिन्छ। विशेषगरी स्ट्रेन्थ ट्रेनिङ वा तौल उठाउने अभ्यास मांसपेशी जोगाउन प्रभावकारी हुन्छ। विज्ञहरूका अनुसार शरीरले एउटै समयमा मुख्य रूपमा एउटा लक्ष्यमा काम गर्छ–या त बोसो घटाउने, या मांसपेशी बढाउने। त्यसैले तौल घटाउने प्रक्रियामा मांसपेशीको संरक्षणका लागि उचित व्यायाम र पोषण आवश्यक हुन्छ।

बलियो मांसपेशीले मोटोपना, टाइप-२ मधुमेह, उच्च रक्तचाप तथा मुटुरोगको जोखिम कम गर्न मद्दत गर्छ। विभिन्न अध्ययनले मांसपेशीले उत्पादन गर्ने केही हर्मोनले मस्तिष्कको कार्यक्षमता सुधार्ने तथा अल्जाइमर र पार्किन्सनजस्ता रोगको जोखिम घटाउन सहयोग पुर्‍याउने देखाएका छन्।

### *मानसिक स्वास्थ्य पनि उत्तिकै महत्त्वपूर्ण*

विशेषज्ञहरूका अनुसार तौल घटाउने क्रममा अत्यधिक तनाव लिनु हुँदैन। आफ्नो शरीरप्रति अनावश्यक आलोचनात्मक बन्नु वा छिटो परिणामको अपेक्षा गर्नु स्वास्थ्यका लागि हानिकारक हुन सक्छ। प्रत्येक व्यक्तिले आफ्नो उमेर, तौल, स्वास्थ्य अवस्था र जीवनशैलीअनुसार आहार, व्यायाम तथा आरामको सन्तुलित योजना बनाउनुपर्छ।

स्वस्थ तौल घटाउने लक्ष्य भनेको केवल बोसो घटाउनु होइन, शरीरलाई बलियो, सक्रिय र स्वस्थ बनाउनु हो। त्यसका लागि मांसपेशीको संरक्षणलाई प्राथमिकता दिनु आवश्यक छ।

*(यो सामग्री बीबीसीको सहयोगमा तयार पारिएको हो ।)*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# गण्डकीको ३३ अर्बको बजेट, पर्यटन र पूर्वाधारमा विशेष जोड

दैनिक समाचारदाता

लेखनाथ, १ असार । गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ३२ अर्ब ९९ करोड ९९ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ। आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले सोमबार प्रदेश सभामा बजेट प्रस्तुत गर्दै पर्यटन, पूर्वाधार, कृषि, स्वास्थ्य, शिक्षा तथा रोजगारी सिर्जनालाई प्राथमिकतामा राखिएको बताएका छन्।



यो बजेट चालु आर्थिक वर्षको तुलनामा करिब एक अर्ब रुपैयाँ बढी हो। चालु वर्ष प्रदेश सरकारले ३१ अर्ब ९७ करोड रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको छ।

आगामी आर्थिक वर्षका लागि पुँजीगततर्फ २० अर्ब २ करोड ६१ लाख, चालुतर्फ १२ अर्ब ७२ करोड ३७ लाख तथा वित्तीय व्यवस्थातर्फ २५ करोड रुपैयाँ विनियोजन गरिएको छ।

बजेटका लागि नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँट, रोयल्टी, सशर्त, समपूरक र विशेष अनुदान गरी उल्लेख्य स्रोत जुट्ने अनुमान गरिएको छ। प्रदेशको आन्तरिक राजस्व ५ अर्ब ८४ करोड रुपैयाँ तथा आन्तरिक ऋणबाट १ अर्ब ७५ करोड रुपैयाँ संकलन गर्ने लक्ष्य राखिएको छ।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थापन मन्त्रालयका लागि ११ अर्ब ६६ करोड रुपैयाँ विनियोजन गरिएको छ। राइड सेयरिङ सेवाको संस्थागत व्यवस्थापन, प्रदेशमै सवारी चालक अनुमतिपत्र छपाइ तथा अनलाइनमार्फत लाइसेन्स नवीकरणको व्यवस्था गरिने भएको छ।

ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका लागि ४ अर्ब ७७ करोड रुपैयाँ विनियोजन गरिएको छ। सरकारले आगामी वर्ष गण्डकी प्रदेशलाई 'उज्यालो गण्डकी' घोषणा गर्ने लक्ष्य लिएको छ भने 'एक घर, एक धारा' कार्यक्रमलाई निरन्तरता दिएको छ। कृषि तथा सहकारी मन्त्रालयका लागि २ अर्ब रुपैयाँ बजेट विनियोजन गरिएको छ। रैथाने बाली तथा पशुपक्षी संरक्षण, कृषि एप, कृषि एम्बुलेन्स सेवा, आधुनिक बधशाला स्थापना तथा 'रिटर्न टु भिलेज' कार्यक्रममार्फत युवालाई कृषि र उद्यममा आकर्षित गर्ने योजना अघि सारिएको छ। कृषि तथा उद्यममा लाग्ने युवालाई सहुलियत ऋण, ब्याज अनुदान र समर्थन मूल्यको व्यवस्था गरिने भएको छ।

पर्यटन प्रवर्द्धनका लागि 'पहिला घरदेश, अनि परदेश' अभियान सञ्चालन गरिनेछ। 'गण्डकी जाऔँ, पर्यटन र संस्कृतिसँग रमाऔँ' कार्यक्रम पर्यटन बोर्डसँगको सहकार्यमा सञ्चालन हुनेछ। प्रदेशका प्रमुख धार्मिक स्थललाई जोड्ने धार्मिक परिपथ निर्माण गर्ने तथा कास्कीको रूपातालमा सिसाको पुल निर्माणको प्रक्रिया अघि बढाइने भएको छ।

फेवाताल किनारको सौन्दर्यीकरणका लागि ५ करोड रुपैयाँ विनियोजन गरिएको छ। फेवातालको मापदण्डभित्रको खाली जमिनलाई हरियाली क्षेत्रमा रूपान्तरण गर्न पोखरा महानगरपालिकासँग सहकार्य गरिने भएको छ। सरकारले पाँच वर्षभित्र प्रदेशमा विदेशी पर्यटकको संख्या दोब्बर बनाउने लक्ष्य पनि लिएको छ।

औद्योगिक तथा कृषि क्षेत्रलाई प्रोत्साहन गर्न घरेलु मदिराको उत्पादन र प्रवर्द्धन तथा औद्योगिक तथा औषधिजन्य प्रयोजनका लागि गाँजा खेती सुरु गर्ने लक्ष्य बजेटमा समेटिएको छ। गोरखकाली रबर उद्योग र भृकुटी कागज कारखाना सञ्चालनका लागि संघीय सरकारसँग सहकार्य गरिने उल्लेख गरिएको छ।

स्वास्थ्य मन्त्रालयका लागि ३ अर्ब ३१ करोड रुपैयाँ विनियोजन गरिएको छ। प्रदेशका अस्पतालमा सिटी स्क्यान मेसिन खरिदका लागि १० करोड रुपैयाँ छुट्याइएको छ। सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका लागि २ अर्ब १६ करोड रुपैयाँ विनियोजन गर्दै खेल पूर्वाधार विकास र प्रतियोगिता सञ्चालनलाई प्राथमिकता दिइएको छ।

सूचना प्रविधि तथा नवप्रवर्तनका कार्यक्रमका लागि १३ करोड रुपैयाँ विनियोजन गरिएको छ भने वन तथा वातावरण मन्त्रालयका लागि १ अर्ब २१ करोड रुपैयाँ बजेट छुट्याइएको छ।

यद्यपि चालु आर्थिक वर्षमा प्रदेश सरकारको खर्च प्रगति कमजोर देखिएको छ। ११ महिना बितिसक्दा कुल बजेटको ४०.२ प्रतिशत अर्थात् १२ अर्ब ८७ करोड ६० लाख रुपैयाँ मात्र खर्च भएको तथ्यांक सार्वजनिक भएको छ।

मन्त्री शेरचनले आगामी वर्षको बजेटलाई नतिजामुखी बनाउने प्रतिबद्धता जनाउँदै यसको प्रभावकारी कार्यान्वयनका लागि सबै पक्षबाट रचनात्मक सहयोग र सुझावको अपेक्षा गरेका छन्।

# कर्णालीको ३५ अर्बको बजेट, पूर्वाधार र रोजगारीमा प्राथमिकता

दैनिक समाचारदाता

सुर्खेत, १ असार । कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ। आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले सोमबार प्रदेश सभामा बजेट प्रस्तुत गरेका हुन्।

यो बजेट चालु आर्थिक वर्षको तुलनामा ७.२८ प्रतिशतले बढी हो। चालु आर्थिक वर्षमा प्रदेश सरकारले ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको छ।

कुल बजेटमध्ये चालुतर्फ ८ अर्ब ६० करोड ४५ लाख ५६ हजार रुपैयाँ अर्थात् २४.३१ प्रतिशत, पुँजीगततर्फ २० अर्ब ७४ करोड ६७ लाख १२ हजार रुपैयाँ अर्थात् ५८.६१ प्रतिशत तथा वित्तीय व्यवस्थातर्फ ५० करोड रुपैयाँ अर्थात् १.४१ प्रतिशत विनियोजन गरिएको छ।

बजेट कार्यान्वयनका लागि प्रदेश सरकारले आन्तरिक राजस्वबाट ८५ करोड ५ लाख ९० हजार रुपैयाँ, चालु आर्थिक वर्षको बचत रकमबाट ६ अर्ब ४१ करोड ५१ लाख रुपैयाँ तथा संघीय सरकारबाट प्राप्त हुने विभिन्न अनुदान र राजस्व बाँडफाँटलाई मुख्य स्रोतका रूपमा लिएको छ।

राजस्व बाँडफाँटबाट १० अर्ब ६६ करोड ५० लाख ४९ हजार रुपैयाँ, वित्तीय समानीकरण अनुदानबाट १० अर्ब ६३ करोड २३ लाख रुपैयाँ, सशर्त अनुदानबाट ५ अर्ब ६७ करोड २५ लाख रुपैयाँ, समपूरक अनुदानबाट ६६ करोड ७८ लाख रुपैयाँ तथा विशेष अनुदानबाट ४८ करोड ५६ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

आगामी आर्थिक वर्षमा भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयका लागि सबैभन्दा बढी १० अर्ब ९३ करोड ८१ लाख रुपैयाँ विनियोजन गरिएको छ। त्यस्तै, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयलाई ४ अर्ब ८१ करोड ९५ लाख रुपैयाँ, सामाजिक विकास मन्त्रालयलाई ६ अर्ब १० करोड ५ लाख रुपैयाँ, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई २ अर्ब ५२ करोड ८७ लाख रुपैयाँ तथा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई २ अर्ब ४६ करोड ४९ लाख रुपैयाँ बजेट छुट्याइएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि ३७ करोड ५ लाख रुपैयाँ



विनियोजन गरिएको छ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षमा स्थानीय तहलाई अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत ५ अर्ब ५४ करोड ७२ लाख ८० हजार रुपैयाँ उपलब्ध गराउने भएको छ, जुन कुल बजेटको १५.६७ प्रतिशत हो।

वित्तीय समानीकरण अनुदान ५ करोड रुपैयाँले वृद्धि गरी १ अर्ब रुपैयाँ पुऱ्याइएको छ। त्यस्तै, समपूरक अनुदानतर्फ १ अर्ब १८ करोड ५० लाख रुपैयाँ तथा विशेष अनुदानतर्फ ४८ करोड ५० लाख रुपैयाँ स्थानीय तहमा हस्तान्तरण गरिनेछ।

सशर्त अनुदानअन्तर्गत १ अर्ब ७३ करोड ६१ लाख ८० हजार रुपैयाँ स्थानीय तहमा पठाइने भएको छ। साथै, मुख्यमन्त्री रोजगार कार्यक्रममार्फत स्थानीय तहलाई १ अर्ब १५ करोड ४४ लाख रुपैयाँ उपलब्ध गराइने अर्थमन्त्री शाहले जानकारी दिए।

प्रदेश सरकारले पूर्वाधार विकास, ऊर्जा, कृषि, सामाजिक विकास तथा रोजगारी सिर्जनालाई केन्द्रमा राखेर बजेट ल्याएको जनाएको छ। विशेषगरी स्थानीय तहको क्षमता अभिवृद्धि, क्षेत्रीय असमानता न्यूनीकरण तथा रोजगारमूलक कार्यक्रममार्फत कर्णालीको आर्थिक तथा सामाजिक विकासलाई गति दिने लक्ष्य बजेटले लिएको छ।

# कृषि करिडोर र कमलामा नयाँ पुल

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ मा नयाँ आयोजना थप्नुभन्दा निर्माणाधीन आयोजनालाई सम्पन्न गर्ने नीति अवलम्बन गरेको छ। साथै कृषि क्षेत्रको बजारीकरण सुदृढ गर्न कृषि करिडोर निर्माण गर्ने तथा कमला नदीमा वैकल्पिक पुल निर्माण गर्ने योजना अघि सारिएको छ।

सोमबार प्रदेश सभामा आगामी आर्थिक वर्षको राजस्व तथा व्ययको अनुमान (बजेट) प्रस्तुत गर्दै अर्थमन्त्री युवराज भट्टराईले अधुरा तथा निर्माणाधीन आयोजनालाई पूर्णता दिने योजनालाई प्राथमिकतामा राखिएको बताए।

उनका अनुसार सीमित स्रोत(साधनलाई प्रभावकारी रूपमा परिचालन गर्दै सञ्चालनमा रहेका परियोजनालाई समयमै सम्पन्न गर्ने लक्ष्य प्रदेश सरकारले लिएको छ।

कृषि क्षेत्रलाई उत्पादनसँगै बजारीकरणसँग जोड्ने उद्देश्यले प्रदेशका विभिन्न क्षेत्रमा कृषि करिडोर निर्माण गरिने व्यवस्था बजेटमा गरिएको छ। यसबाट किसानले उत्पादन गरेका कृषि उपज सहज रूपमा बजारसम्म पुऱ्याउन सक्ने र कृषि व्यवसाय विस्तारमा टेवा पुग्ने अपेक्षा गरिएको छ।यस्तै, धनुषा र सिरहा जिल्लालाई जोड्ने कमला नदीमा वैकल्पिक पुल निर्माण गर्ने योजना पनि बजेटमा समावेश गरिएको छ। विद्यमान संरचनामा बढ्दो चापलाई ध्यानमा राख्दै आवागमनलाई सुरक्षित, सहज र अवरोधरहित बनाउन नयाँ पुल निर्माणको अवधारणा अघि सारिएको प्रदेश सरकारले जनाएको छ।प्रदेश सरकारले पूर्वाधार विकास र कृषि क्षेत्रको आधुनिकीकरणलाई आर्थिक समृद्धिको आधार मानेर उत्पादन, यातायात तथा बजार व्यवस्थापनलाई थप सुदृढ बनाउने नीति लिएको जनाएको छ।

## साना योजना........

गर्ने रणनीति अपनाइएको अर्थमन्त्री भट्टराईले बताए। प्रदेश सरकारले पुँजीगत खर्च वृद्धि गर्दै आर्थिक गतिविधिलाई चलायमान बनाउने लक्ष्य लिएको छ।संघ, प्रदेश र स्थानीय तहबाट एउटै प्रकृतिका कार्यक्रममा दोहोरो बजेट विनियोजन हुने अवस्थाको अन्त्य गर्न एकीकृत बजेट म्यापिङ प्रणाली लागू गरिने भएको छ।
यस प्रणालीमार्फत तीन तहका सरकारबीच समन्वय बढ्ने, स्रोतको दोहोरो उपयोग रोकिने तथा बजेट कार्यान्वयनमा पारदर्शिता र प्रभावकारिता कायम हुने अपेक्षा प्रदेश सरकारले गरेको छ।

## मधेश धार्मिक.............

अर्थमन्त्री युवराज भट्टराईले धार्मिक पर्यटनलाई प्रदेशको आर्थिक विकाससँग जोड्ने नीति लिइएको जानकारी दिए।
उनका अनुसार धनुषास्थित जानकी मन्दिर, बाराको गढीमाई मन्दिर, पर्सास्थित पर्सा वन्यजन्तु आरक्ष, सप्तरीको छिन्नमस्ता भगवती मन्दिर, महोत्तरीको रौजा मजार तथा रौतहटको शिवनगर क्षेत्रलाई जोडेर धार्मिक तथा सांस्कृतिक सर्किट विकास गरिनेछ। बजेटमा प्रमुख पर्यटकीय गन्तव्यसम्म सहज र व्यवस्थित पहुँच सुनिश्चित गर्न आरामदायी बस सेवा सञ्चालन गर्ने व्यवस्था पनि गरिएको छ। यसले पर्यटकको यात्रा अनुभवलाई सहज बनाउनुका साथै पर्यटन क्षेत्रको विकासमा टेवा पुग्ने विश्वास गरिएको छ। यस्तै, लुम्बिनी, जनकपुरधाम र अयोध्यालाई जोडेर धार्मिक तथा सांस्कृतिक महत्वका गन्तव्यबीच सीमापार पर्यटनको विकास गरिने भएको छ। नेपाल(भारतबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई पर्यटन प्रवर्द्धनसँग जोड्दै अन्तरदेशीय पर्यटकको आवागमन बढाउने लक्ष्य प्रदेश सरकारले लिएको जनाएको छ। सरकारले यस योजनामार्फत मधेश प्रदेशलाई धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रमुख केन्द्रका रूपमा स्थापित गर्ने अपेक्षा गरेको छ।

## कृषि र....

नतिजामा आधारित अनुदान प्रणाली लागू गरिने घोषणा गरिएको छ। उत्पादन वृद्धि गर्ने किसान तथा कृषक समूहलाई प्राथमिकताका आधारमा प्रोत्साहन गर्ने नीति सरकारले लिएको जनाएको छ।
शान्ति(सुरक्षा व्यवस्थालाई थप सुदृढ बनाउन मधेश प्रहरी ऐन ल्याइने तथा प्रदेशस्तरमा प्रहरी भर्ना अभियान सञ्चालन गरिने अर्थमन्त्री भट्टराईले बताए। प्रदेश सरकारले आफ्नै सुरक्षा संरचनालाई व्यवस्थित र प्रभावकारी बनाउने तयारी गरेको छ।
राजस्व संकलन बढाउने उद्देश्यले सवारी कर, मनोरञ्जन कर तथा घर रजिस्ट्रेसन शुल्कमा वृद्धि गरिने भएको छ। साथै प्रदेशभित्र सञ्चालित ईंटा उद्योगबाट वार्षिक ७५ हजार रुपैयाँ शुल्क असुल गर्ने व्यवस्था पनि बजेटमा समावेश गरिएको छ।
प्रदेश सरकारले कृषि उत्पादन, सुरक्षा व्यवस्था र राजस्व परिचालनलाई आर्थिक समृद्धिका प्रमुख आधारका रूपमा अघि बढाउने नीति लिएको जनाएको छ।

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# बागमती प्रदेशको बजेट ६६ अर्ब

दैनिक समाचारदाता
हेटौंडा, १ असार । बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि ६६ अर्ब ९३ करोड ३३ लाखको बजेट सार्वजनिक गरेको छ ।
आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले सोमबार बसेको प्रदेशसभामा उक्त बजेट पेश गर्नुभएको हो । यो बजेट चालु आर्थिक वर्षको तुलनामा ५४ करोड ४० लाख रुपैयाँ कम हो ।
उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयका लागि ५ अर्ब ३७ करोड ५५ लाख ७४ हजार, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयका लागि ६ अर्ब ७१ करोड ७७ लाख २४ हजार, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयका लागि ९ अर्ब ६ करोड २ लाख ३९ हजार बजेट विनियोजन गरिएको छ । त्यस्तै स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयका लागि ९ अर्ब ६ करोड २ लाख ३९ हजार बजेट र भौतिक पूर्वाधार विकास मन्त्रालयको लागि २५ अर्ब ६०



करोड ८ लाख ४८ हजार बजेट विनियोजन गरिएको छ ।
आगामी आर्थिक वर्ष भित्रै निर्माण र हस्तान्तरण हुने गरी मुख्यमन्त्री विपन्न आवास कार्यक्रम अन्तर्गत प्रदेशका अति विपन्न कम्तीमा एक हजार परिवारलाई सुरक्षित आवास निर्माण गरी वितरण गर्न २० करोड विनियोजन गरिएको छ । त्यस्तै प्रदेश सरकारले हालै अघि बढाएको प्रशासनिक पुनर्संरचनाद्धारा घटाइएका मन्त्रालय/निकाय/आयोग तथा कार्यालयहरूबाट सेवा प्रवाहमा प्रभावकारिता, विनियोजनमा कुशलता र खर्चमा मितव्ययिता कायम गर्दै प्रदेशको चालु खर्च ११ प्रतिशतले बचत हुने अनुमान गरिएको छ । बागमती प्रदेश सरकारको एकीकृत प्रशासनिक भवन, प्रदेशसभा भवन तथा आवास निर्माणका लागि ५६ करोड ५० लाख विनियोजन गरिएको छ ।
प्रादेशिक राजधानी हेटौंडालाई वृहत्तर हेटौंडा अवधारणा अनुरुप साइकल लेनसहितको पैदलयात्री मैत्री सडक, नदी करिडोर विकास र प्रादेशिक सांस्कृतिक ग्राम लगायतका पूर्वाधारहरूको निर्माण, पहिले मर्मत त्यसपछि निर्माण भन्ने नीति अनुसार सडक तथा पुलको नियमित मर्मत सम्भारका लागि ४४ करोड ७० लाख विनियोजन गरिएको छ ।
कुल विनियोजनमध्ये चालु तर्फ २२ अर्ब ९६ करोड १९ लाख ३० हजार अर्थात कुल विनियोजनको ३४.३१ प्रतिशत र पुँजीगत तर्फ ४३ अर्ब ९७ करोड १४ लाख ३ हजार अर्थात कुल विनियोजनको ६५.६९ प्रतिशत रहेको छ ।
आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोतमध्ये कर राजस्वबाट ३० अर्ब १५ करोड ६ लाख ६८ हजार, अन्य राजस्वबाट ७ अर्ब ७३ करोड ९९ लाख १२ हजार, संघीय वित्तीय हस्तान्तरणबाट १५ अर्ब ३१ करोड ४८ लाख तथा चालु आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत, विविध प्राप्तिबाट १२ अर्ब ७६ करोड ७९ लाख ५३ हजार र अन्य संस्थाबाट ऋण लगानी फिर्ताबाट ९६ करोड प्राप्त हुने अनुमान गरिएको छ ।

# कोशीको ४० अर्बको बजेट, कृषि र पूर्वाधारमा जोड

दैनिक समाचारदाता
विराटनगर, १ असार । कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ४० अर्ब ४४ करोड १८ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ।
आइतबार प्रदेश सभामा आर्थिक मामिला तथा योजनामन्त्री बिदुरकुमार लिङ्थेपले प्रस्तुत गरेको बजेट चालु आर्थिक वर्षको तुलनामा १२.७४ प्रतिशतले बढी हो। सरकारले कृषि, उत्पादन, पूर्वाधार विकास, पर्यटन, शिक्षा, स्वास्थ्य, सुशासन तथा रोजगारी सिर्जनालाई प्राथमिकतामा राखेको जनाएको छ।
मन्त्री लिङ्थेपले प्रदेशको आर्थिक तथा सामाजिक रूपान्तरणलाई तीव्रता दिन उत्पादनशील क्षेत्रको विकास, सार्वजनिक सेवाको प्रभावकारिता अभिवृद्धि तथा लगानीमैत्री वातावरण निर्माणमा बजेट केन्द्रित गरिएको बताए। उद्योग तथा निजी क्षेत्रको सहभागिता बढाउन थप लगानीका क्षेत्र पहिचान गरी आवश्यक व्यवस्था गरिएको उनको भनाइ छ।
कुल बजेटमध्ये चालुतर्फ १३ अर्ब ९७ करोड ६३ लाख रुपैयाँ (३४.५५ प्रतिशत), पुँजीगततर्फ २० अर्ब ७५ करोड ११ लाख रुपैयाँ (५१.३२ प्रतिशत) तथा वित्तीय व्यवस्थातर्फ १५ करोड रुपैयाँ (०.३७ प्रतिशत) विनियोजन गरिएको छ। स्थानीय तहमा वित्तीय हस्तान्तरणका लागि ५ अर्ब ५६ करोड ३६ लाख रुपैयाँ छुट्याइएको छ।
प्रदेश सरकारले कृषि क्षेत्रको आधुनिकीकरण, उत्पादन वृद्धि तथा बजार व्यवस्थापनलाई विशेष प्राथमिकतामा राखेको छ। किसानको आयस्तर वृद्धि, कृषि उत्पादनमा आत्मनिर्भरता तथा कृषि व्यवसाय प्रवर्द्धनका कार्यक्रम बजेटमा समेटिएका छन्।
सडक, पुल, सिँचाइ, खानेपानी तथा ऊर्जा पूर्वाधार निर्माणका कार्यक्रमलाई निरन्तरता दिइएको छ भने प्रदेश गौरवका आयोजनालाई पनि प्राथमिकता प्रदान गरिएको छ।
पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक गतिविधि विस्तार र रोजगारी सिर्जना गर्ने लक्ष्य लिइएको छ। धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरी प्रदेशलाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना बजेटमा समावेश गरिएको छ।
शिक्षा तथा स्वास्थ्य क्षेत्रको गुणस्तर सुधारमा पनि बजेटले विशेष जोड दिएको छ। सार्वजनिक विद्यालयको शैक्षिक स्तर उकास्ने, प्राविधिक तथा सीपमूलक शिक्षाको विस्तार गर्ने, स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि गर्ने तथा नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।
सुशासन, क्षमता विकास तथा सार्वजनिक सेवाको प्रभावकारिता अभिवृद्धिका लागि ६२ करोड रुपैयाँ विनियोजन गरिएको छ। यो रकम संस्थागत क्षमता विकास, प्रविधिमैत्री सेवा प्रवाह तथा उत्तरदायी शासन प्रणाली निर्माणमा खर्च गरिनेछ।
आगामी आर्थिक वर्षको खर्च



व्यवस्थापनका लागि आन्तरिक राजस्वबाट ५ अर्ब ५० करोड रुपैयाँ, राजस्व बाँडफाँटबाट १२ अर्ब ८७ करोड रुपैयाँ, सङ्घीय वित्तीय समानीकरण अनुदानबाट ९ अर्ब १२ करोड रुपैयाँ, सशर्त अनुदानबाट ५ अर्ब १५ करोड रुपैयाँ, समपूरक अनुदानबाट ८४ करोड रुपैयाँ तथा विशेष अनुदानबाट ५५ करोड रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।
कोशी प्रदेशको बजेटले उत्पादन र विकासमुखी क्षेत्रलाई प्राथमिकतामा राख्दै आर्थिक गतिविधि विस्तार, रोजगारी सिर्जना तथा सेवा प्रवाह सुधारलाई केन्द्रमा राखेको छ। पुँजीगत खर्चलाई बजेटको आधाभन्दा बढी हिस्सा छुट्याइएकाले आगामी वर्ष विकास निर्माणका कामले थप गति लिने अपेक्षा गरिएको छ।

# भारतबाट ५० हजार टन मल आउँदै



दैनिक समाचारदाता
काठमाडौं १ असार । सरकारले भारतसँगको सरकार-देखि-सरकार (जीटुजी) सम्झौताअन्तर्गत पहिलो चरणमा ५० हजार मेट्रिक टन रासायनिक मल आयात गर्ने प्रक्रिया अन्तिम चरणमा पुर्‍याएको छ।
कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत कृषि सामग्री कम्पनी लिमिटेड का अध्यक्ष डा. रामकृष्ण श्रेष्ठको अनुसार किसानको तत्कालीन माग र आवश्यकतालाई सम्बोधन गर्न पहिलो चरणमा उक्त परिमाणको मल आयात गर्न लागिएको हो।
पहिलो चरणमा आयात गरिने ५० हजार मेट्रिक टन मलमध्ये ३० हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डीएपी रहेको छ।
मन्त्रालयले उपलब्ध बजेट, वित्तीय स्रोत र सरकारी प्रक्रियाअनुसार आयात प्रक्रिया अघि बढाएको जनाएको छ। यसका लागि आवश्यक प्रतीतपत्र (एलसी) खुलिसकेको र भुक्तानी प्रक्रिया पनि अन्तिम चरणमा पुगेकाले केही समयमै मल नेपाल आइपुग्ने डा. श्रेष्ठले जानकारी दिए।
यसअघि मन्त्रिपरिषद्ले भारतबाट कुल ८० हजार मेट्रिक टन रासायनिक मल खरिद गर्न स्वीकृति दिएको थियो। स्वीकृत परिमाणमध्ये ६० हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डीएपी रहेको छ।
पहिलो चरणको खरिद सम्पन्न भएपछि बाँकी ३० हजार मेट्रिक टन मल दोस्रो चरणमा आयात गरिने मन्त्रालयले जनाएको छ। उक्त परिमाण चालु आर्थिक वर्षभित्र वा आगामी आर्थिक वर्षको सुरुआतमै खरिद प्रक्रिया अघि बढाइने अध्यक्ष डा. श्रेष्ठले बताए।

***भारतीय सञ्चारमाध्यमको दाबी भ्रामक***

भारतका केही सञ्चारमाध्यमले नेपालले रासायनिक मल आयात कोटा कटौती गरेको भन्दै प्रसारण गरेका समाचार भ्रामक रहेको कृषि सामग्री कम्पनीले जनाएको छ।अध्यक्ष डा. श्रेष्ठका अनुसार सरकारले स्वीकृत गरेको मलको कोटा कटौती गरिएको होइन, उपलब्ध स्रोत र बजेटका आधारमा चरणबद्ध रूपमा आयात प्रक्रिया अघि बढाइएको हो। उनले हाल आयात गर्न लागिएको ५० हजार मेट्रिक टन मल खरिद प्रक्रिया करिब डेढ महिनाअघि नै सुरु भइसकेको उल्लेख गर्दै 'होर्मुज खुल्ने' विषयसँग यसलाई जोडेर गरिएको व्याख्या तथ्यहीन रहेको स्पष्ट पारे।


## योग स्वस्थ जीवनको आधार

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





- विभिन्न प्रकारको कोटन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४



अब उत्कृष्ट भविष्यको रोजाई



# MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४